# राष्ट्रिय संघहरूलाई आफ्नै संगठनमा टिकाइरहने प्रयासमा आईबीए

राजनविक्रम प्रजापति
(पूर्व राष्ट्रिय खेलाडी तथा अन्तर्राष्ट्रिय निर्णायक)







सन् २०१५ मा फ्लोइड मेवेदर र म्यानी प्याकियोबीच अमेरिकाको लस भेगासस्थित एमजियम ग्राण्ड गार्डेन स्टेडियममा भएको प्रोफेसनल बक्सिङ खेललाई हालसम्मकै सबैभन्दा धेरै धनराशी भएको प्रोफेसनलबक्सिङ खेलको रूपमालिने गरिन्छ। उक्त एकै खेलमा करिब ६ सय मिलियन डलरको कुल कारोबार भएको विजयी खेलाडी फ्लोइड मेवेदरले करिब २ सय ५० मिलियन डलर र प्याकियोले करिब १ सय ५० मिलियन डलर पाएको बताइन्छ। यसरी प्रोफेसनलबक्सिङमाअन्तर्राष्ट्रिय रूपमै ठूला धनराशीभएको खेल हुँदै आएकामा इन्टरनेसनल बक्सिङ एसोसिएसन (आईबीए) ले पनिएमेच्योर बक्सिङमाइतिहासकै ठूलो धनराशीभएको बक्सिङ प्रतियोगिताको आयोजना गर्ने घोषणा गरेको छ।

सन् २०२५ डिसेम्बर २ देखि डिसेम्बर १३ सम्म युएईको दुबईमा आयोजना हुने कुल ८.३२ मिलियन डलर बराबर पुरस्कार रकम रहेको उक्त प्रतियोगिता एमेच्योर बक्सिङ इतिहासमै सबैभन्दा धेरै नगद पुरस्कार रहेको प्रतियोगिता हुने बुझिएको छ। प्रत्येक तौल समूहमा स्वर्ण पदक जित्नेलाई ३ लाख, रजत विजेतालाई १ लाख ५० हजार, कांस्य पदकविजेता (सेमिफाइनलिस्ट) लाई ७५ हजार र क्वार्टर-फाइनलिस्टलाई १० हजार अमेरिकी डलर पुरस्कारको घोषणासँगै यस प्रतियोगिताको चर्चा अन्तर्राष्ट्रिय रूपमै चुलिएको छ। ठूलो धनराशीका साथै जितेको पुरस्कार रकम वितरण गर्ने संरचनाले यसलाई थप विशेष बनाएको देखिन्छ। यो नगद पुरस्कार खेलाडीलाई मात्र नभई प्रशिक्षक र खेल संघसमेतलाई जानेगरी समतामूलकव्यवस्थाआईबीएले गरेको छ। जसअन्तर्गत प्रदान गरिएको

यसरी अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीबाट मान्यता प्राप्त वर्ल्ड बक्सिङमा धेरै राष्ट्रिय संघहरूले आबद्धता जनाउन थालेपछि आईबीएले पनि राष्ट्रिय संघहरू र बक्सिङ खेलाडीहरूलाई ठूलो नगद राशीसहितको पुरस्कार व्यवस्था गरी आफ्नो संघमा नै टिकाइराख्ने भरमग्दुर प्रयास जारी राखेको देखिन्छ। आईबीएले बक्सिङ खेलको सम्पदा र मूल्यहरूको रक्षा गर्ने भन्दै आउँदो वर्ष २०२६ मा ८० औं वार्षिकोत्सवमनाउनभव्यकार्यक्रमगर्ने चर्चा पनि चलेको छ। सन् १९२० मा एन्टवर्प, बेल्जियममा भएको ओलम्पिक खेल लगत्तै स्थापना भएको फेडरेसन इन्टरनेसनल डे बक्से एमेच्योर (फिबा) लाई प्रतिस्थापनगर्न दोस्रो विश्वयुद्धपश्चात इंग्ल्यान्ड र फ्रान्सद्वारा सन् १९४६ मा आईबीए स्थापना गरिएको थियो।

आईबीएले दुबईमा हुन लागेको १२ दिनको यस प्रतियोगितालाई बक्सिङ महोत्सवकारूपमाप्रचार गरिरहेको छ। जसमाआईबीएअन्तर्राष्ट्रिय सभा र ग्लोबल बक्सिङ फोरम जस्ता अन्य प्रमुख कार्यक्रमहरू पनि सँगसँगै हुनेछन्। डिसेम्बरमाहुनगइरहेको आईबीएपुरुष एलिट विश्व च्याम्पियनसिप २०२५ मा विश्वस्तरीय प्रतिस्पर्धा, सांस्कृतिक उत्सव र विविध प्रदर्शनलाई संयोजन गर्न खोजिरहेको देखिन्छ। उल्लेखनीय पुरस्कार रकमका कारण मात्र नभई एकता, प्रतिभा र समानताको प्रदर्शनमा विश्वभरका खेलाडीहरूलाई एकत्रित गर्दै प्रमुख बक्सिङ राष्ट्रहरू रिंगमा प्रवेश गर्ने हुँदा विश्व खेलकुद जगतमा यो प्रतियोगिताको चर्चा अहिलेदेखिनै चुलिएको पाइन्छ।

करिब १ सय राष्ट्र सहभागी हुने भनिएको उक्त प्रतियोगितामा नेपाली खेलाडीले खेल्ने अनिश्चित जस्तै छ।

## Bhotekoshi Rural Municipality

**Office of Rural Municipal Executive**

**Fulpingkatti Sindhupalchok**

**INVITATION FOR E- Bid**

**(First Date of Publication: 2082/08/07 (23/11/2025)**

Bhotekoshi Rural Municipality invites electronic bids from eligible bidders for the construction of works mentioned below under and NCB and SQ procedures. Eligible Bidders may obtain further information through PPMO e-GP system www.bolpatra.gov.np/egp or may visit Bhotekoshi Rural Municipality website www.bhotekoshimun.gov.np.

| S.N | Project Name | Contract ID | Last Date of Bid Submission | Date of Bid Opening | Bid validity period | Bid Security Amount | Cost Estiate (Inc Vat & PS) | Bid Document Fee |
|---|---|---|---|---|---|---|---|---|
| 1. | Upgrading Works of Listi Bhairavkunda Sadak, Bhotekoshi-1 | BRM/W/ NCB/082/083-01 | 2082/09/08 (23/12/2025) 12:00 hrs. | 2082/09/08 (23/12/2025) 13:00 hrs. | 90 days | 4,50,000 | 1,75,34,795.75 | 3,000.00 |
| 2. | Chisapauwa Muhana Listi Pakutol Water Supply Project | BRM/W/ NCB/082/083-02 | | | | 75,000 | 27,13,365.29 | |
| 3 | Upgrading Works of Yangale Pokhari Sadak, Bhotekoshi-5 Sindhupalchok | BRM/W/ NCB/082/083-03 | | | | 85,000 | 29,46,827.44 | |
| 4 | Narayanthan Selangkatti Goretobato and Railing Construction Ward no. 4 | BRM/W/ SQ/082/083-01 | 2082/08/22 (08/12/2025) 12:00 hrs | 2082/08/22 (08/12/2025) 13:00 hrs. | 45 days | 40,000 | 14,69,275.91 | 1,000.00 |
| 5 | Infrastructure Development works of Listi Healthpost | BRM/W/ SQ/082/083-02 | | | | 40,000 | 14,80,206.80 | |
| 6 | Namthang Chhetang Sadak Solling , Ward no.3. | BRM/W/ SQ/082/083-03 | | | | 38,000 | 13,28,255.46 | |